# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।११।३० गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

जिल्ला महोत्तरी, जलेश्वरनाथ सव-डिभिजन वन कार्यालय बखरी महोत्तरीका रेन्जर (अधिकृतस्तर) राम अशिष यादवले जिल्ला महोत्तरी एकडारा गाउँपालिका वडा नं. २ को सिफारिससहित घरायसी चिरान काठ लोड गरेको ट्र्याक्टर नियन्त्रणमा लिई बिभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीद्वारा निज राम अशिष यादवलाई सेवाग्राहीबाट रु. १५,०००।– (पन्ध्र हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा जिल्ला महोत्तरी, जलेश्वरनाथ सव-डिभिजन वन कार्यालय बखरी महोत्तरीका रेन्जर (अधिकृतस्तर) राम अशिष यादवले आफ्नो पदीय जिम्मेवारी र दायित्व विपरीत सेवाग्राहीसँग पक्राउ परेको काठसहितको ट्र्याक्टर छिट्टै छाडिदिने भनी घुस दिन बाध्य बनाई घुस/रिसवतबापतको रु. १५,०००।— (पन्ध्र हजार) रकम बार्गेनिङ गरी लिएको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज राम अशिष यादवलाई बिगो रु. १५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला